

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्यधिक समस्या भएमा तुरुन्त नजीकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ ०३ गते सोमवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 May 17 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २५८


## महानगरमा कोरोनाबाट दशजनाको मृत्यु

प्रस, वीरगंज, १ जेठ/

वीरगंज महानगरपालिकामा रहेका अस्पतालमा आइतवार साँझसम्म दशजना सङ्क्रमितको मृत्यु भएको छ। नारायणी अस्पतालमा आठजना र वयोधा तथा वीरगंज हेल्थकेयरमा एक/एकजना गरी दशजनाको मृत्यु भएको बताइएको छ।

नारायणी अस्पतालका कोरोना संयोजक डा. सरोजरोशन दासले आइतवार बारा जिल्ला निजगढ नगरपालिका-७ निवासी ४३ वर्षीय पुरुषको बिहान ६ बजे निधन भएको बताए। उनी वैशाख ३० गते अस्पताल भर्ना भएका थिए।

यसैगरी परसौनी गापा-५ बारा निवासी ४६ वर्षीय पुरुषको बिहान पौने एघार बजे निधन भयो। उनी अस्पतालमा वैशाख २१ गते भर्ना भएका थिए। सुवर्णपुर गापा-२ निवासी ६० वर्षिय पुरूषको बिहान सवा दुईबजे निधन भएको संयोजक डा. दासले बताए। उनी वैशाख ३० गते भर्ना भएका थिए।

यसैगरी कलैया उपमहानगरपालिका-२५ सिसहनिया, बारा निवासी ३८ वर्षीया महिलाको बिहान सवा चार बजे निधन भएको थियो। महिला सङ्क्रमित भएर वैशाख २५ गते नारायणी अस्पतालमा भर्ना थिइन्। यसैगरी सर्लाही जिल्ला फरहथवा गापा-५ निवासी ४७ वर्षीया महिलाको बिहान साढे पाँच बजे निधन भयो। उनी अस्पतालमा वैशाख २१ गते भर्ना भएकी थिइन्।



नारायणी वयोधा अस्पताल। तस्वीर : फाइल

वीरगंज महानगरपालिका-१६ मिथिलानगर निवासी ४४ वर्षीय पुरुषको बिहान पौने नौ बजे निधन भयो। उनी वैशाख १५ गतेदेखि सङ्क्रमित भएर अस्पतालमा उपचार गराउँदै थिए। बारा जिल्ला परवानीपुर गापा-९ छातापिपरा निवासी ६० वर्षीय पुरुषको आज बिहान साढे एघार बजे निधन भयो। उनी वैशाख २८ गते अस्पतालमा भर्ना भएका थिए।

बारा जिल्ला जितपुरसिमरा उपमहानगर-२ निवासी ३३ वर्षीय युवकको दिउँसो पौने एक बजे निधन भयो। उनी वैशाख २५ गते भर्ना भएका थिए। यसैगरी वीरगंज महानगरपालिका-१३ राधेमाई निवासी ५० वर्षीया महिलाको आज दिउँसो सवा एक बजे निधन भएको संयोजक डा. दासले बताए। महिला वैशाख ३१ गते भर्ना भएकी थिइन।

वीरगंज हेल्थकेयर अस्पतालमा वीरगंज-१० आदर्शनगर निवासी ६८ वर्षीया महिलाको आज बिहान सवा चार बजे निधन भएको जिल्ला प्रशासन कार्यालय, पर्साका सूचना अधिकारी विनयकुमार श्रीवास्तवले बताए।

नारायणी वयोधा अस्पतालमा आज बिहान वीरगंज महानगर-१ बजारछपकैया निवासी ६४ वर्षीय पुरुषको बिहान सवा तीन बजे निधन भएको छ। उनी सो अस्पतालमा वैशाख १६ गते भर्ना भएका थिए।

## गोपाल मण्डलीबाट ६ जना डिस्चार्ज

प्रस, वीरगज, २ जेठ/

वीरगंज महनगरपालिकाले गोपाल मण्डली धर्मशालामा सञ्चालन गरेको अस्थायी कोभिड-१९ अस्पतालबाट हिजो ६ जना डिस्चार्ज भएका छन् ।

हिजो तीनजना भर्ना भएकासहित अस्थायी कोभिड अस्पतालमा जम्मा २४ जना रहेकामा ६ जना डिस्चार्ज भएर गएको, तीनजनालाई रिफर गरिएपछि हिजो साँझ ५ बजेसम्म अस्थायी कोभिड अस्पतालमा १८ जना सङ्क्रमित छन् ।

१३ जना पुरुष र पाँचजना महिला सङ्क्रमित अहिले अस्थायी कोभिड अस्पतालमा उपचाररत रहेको वीरगंज महानगरपालिकाका स्वास्थ्यकर्मी रितेश जयसवालले बताए ।

## कोभिड विरुद्ध लड्न एक्सन टिम अझ सक्रिय हुने -अन्सारी

प्रस, वीरगंज, २ जेठ/

कोभिड एक्सन टिमले आइतवार जिल्ला समन्वय समितिको कार्यालयमा बैठक बसी विभिन्न निर्णय गरेको छ।


तस्वीर: प्रतीक

कोभिड एक्सन टिमका संयोजक एवं जिल्ला समन्वय समितिका सभापति नेकमहम्मद अन्सारीको अध्यक्षतामा बसेको बैठकले स्थानीयको सहयोगका लागि अझ बढी सक्रियताका साथ लाग्ने निर्णय गरेको सदस्य तबरेज अहमदले बताए।

टिमले कोभिडको नयाँ भेरिएन्ट फैलिएको बेला सहयोगदेखि उपचारमा खटेका स्वास्थ्यकर्मी, चिकित्सक, नर्सलगायतलाई धन्यवाद दिंदै कोरोना भाइरस वा सामान्य रोगका बिरामीलाई समेत कतिपय अस्पतालहरूले भर्ना नलिरहेको भनेर आइरहेको गुनासोप्रति ध्यानाकर्षण भएको जनाएको छ। टिमले अस्पतालका सेवा सुविधा नागरिक मैत्री बनाई सुरक्षित साथ सहज ढङ्गले सेवा प्रवाह गर्न आग्रह गरेको सदस्य अहमदले बताए।

त्यस्तै बैठकले संयोजक अन्सारीको नेतृत्वमा पर्साका अस्पतालहरूको सेवा सुविधाको प्रभावकारिता र भौतिक संरचनाको अवस्थाबारे अनुगमन गरिने निर्णय गरेको छ। बैठकले कोरोना सङ्क्रमण समुदायमा फैलिएको बेला सर्वसधारणलाई संयमता अपनाई सुरक्षित बस्नसमेत अपील गरेको छ।

## बढी भाडा लिएको आरोपमा एम्बुलेन्स चालक पक्राउ

प्रस,वीरगंज, २ जेठ/

जिल्ला प्रहरी कार्यालय पर्साले सङ्क्रमित र सङ्क्रमणका कारण मृत्यु भएका परिवारसँग बढी भाडा असुल गरेको कसूरमा दुईजना एम्बुलेन्स चालकलाई पक्राउ गरी कार्यवाही शुरू गरेको छ।



निर्धारित भाडादरभन्दा बढी लिएको उजूरीको आधारमा पर्सा प्रहरीले ना २ च ३२५६ र ना ३ च ८१९९ नं का एम्बुलेन्स चालक बहुदरमाई नपा-९ विश्रामपुर निवासी कमरुद्दिन रायभर र विन्दवासिनी गापा-१ निवासी वीरबल मुखियालाई पक्राउ गरेको जिप्रका पर्साले जनाएको छ।

निजहरूविरुद्ध कालोबजारी सम्बन्धी कसूरमा मुद्दा चलाइएको सो कार्यालयले जनाएको छ।

## वीरगंजका बैंकहरूले फुलफेजको नकद कारोबार गर्ने

प्रस, वीरगंज, २ जेठ/

वीरगंजको पछिल्लो अवस्थालाई मध्यनजर गर्दै सरकारी तथा निजी बैंकहरूले नगद कारोबार बन्द गर्ने निर्णयमा संशोधन गरेका छन्।

मुलुकको प्रमुख आर्थिक राजधानी, आयात-निर्यात, व्यापार एवं कोरोना महामारीमा उपचारका लागि नगद कारोबार अति आवश्यक भएको भन्दै वीरगंज बैंकर्स एसोसिएशनले फूलफेजको नगद कारोबारलाई स्वास्थ्य मापदण्ड पालना गरी सुविधा दिने वीरगंज बैंकर्स एसोसिएशनका अध्यक्ष नीतेश खडकीले बताए।

सनराइज बैंकका प्रबन्धक र एसोसिएशनका अध्यक्ष खडकीले सूचना जारी गर्दै कोरोना महामारीको कारण वीरगंजको विभिन्न बैंकका ९१ जना कर्मचारी सङ्क्रमित भए तापनि बैंकहरूले नगद कारोबार बन्द हुँदा जनजीवन तथा व्यापार प्रभावित भएकोले फूलफेजको नगद कारोबारसहितको बैंकिङ सेवा उपलब्ध गराउन वीरगंजका बैंकहरू अग्रसर रहेको बताए।

उनले बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म बैंकले नगद तथा अन्य भन्सार प्रयोजनका अतिआवश्यक सेवा उपलब्ध गराउने बताए। एसोसिएशनले अति आवश्यक भए मात्र चेक वा नगद कारोबार गर्न बैंकमा आउने र बढिभन्दा बढी विद्युतीय सेवालाई उपभोग गर्न पनि ग्राहकहरूलाई अपिल गरेको छ।



## जबरजस्ती करणीको कसूरमा युवक पक्राउ

प्रस, वीरगंज, २ जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्साले जबरजस्ती करणीको प्रयास गरेको कसूरमा एकजना युवकलाई पक्राउ गरेको छ।

वीरगंज महानगरपालिका-२० निवासी एकजना २२ वर्षीय युवकलाई जबरजस्ती करणीको कसूरमा पक्राउ गरेको घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ। प्रहरीले टोलकै एकजना ९ वर्षीया नाबालिकालाई ललाइफकाई जबरजस्ती गर्न खोजेको र नाबालिका भागेर अभिभावकलाई सो वृतान्त सुनाएकी थिइन्। नाबालिकाको आरोपमा अभिभावकले प्रहरीमा लिखित उजूरी गरेपछि हिजो युवकलाई पक्राउ गरी सो सम्बन्धमा अनुसन्धान शुरू गरेको जिप्रका पर्साले जनाएको छ।

## छोटकरी

### १३ थान मोबाइल बरामद

प्रस, रौतहट, २ जेठ/

जिल्ला प्रहरी कार्यालय, रौतहट मातहतको प्रहरी चौकीले अढाई लाख बराबरको भंसार चोरीको मोबाइल बरामद गरेको छ।

प्रहरी चौकी मठियाले इशनाथ नगरपालिका-४ लतमरीबाट १३ थान विभिन्न मोडल र कम्पनीको मोबाइल बरामद गरेको र सोको बजार मूल्य अढाई लाख पर्ने जिप्रका रौतहटले जनाएको छ।

बरामद मोबाइल सम्बन्धमा आवश्यक कार्यवाही भइरहेको सो कार्यालयले जनाएको छ।

## वीरगंज महानगरद्वारा चारवटा संस्थालाई खाद्यान्न सहयोग

प्रस, वीरगंज, २ जेठ/

वीरगंज महानगरपालिकाले कोरोना सङ्क्रमण रोकथामका लागि स्थानीय प्रशासनले जारी गरेको निषेधाज्ञाका कारण समस्यामा परेका विपन्न गरीब परिवारलाई निश्शुल्क भोजन गराउँदै आएका सङ्घ संस्थाहरूलाई खाद्यान्न उपलब्ध गराएको छ।

महानगरपालिकाका नगरप्रमुख विजयकुमार सरावगीले महानगरपालिकामा निश्शुल्क भोजन गराउन चाहने सङ्घ संस्थाहरूलाई खाद्यान्न व्यवस्था गराउने घोषणा अनुसार निश्शुल्क भोजन गराउँदै आएका चारवटा संस्थालाई खाद्यान्न वितरण गरेका हुन्।

नगरप्रमुख सरावगीले सानो पाइला संस्थालाई २८ बोरा चामल, ३५ किलो दाल र २८ लिटर खानेतेल, इम्प्रुभिङ वीरगन्ज संस्थालाई ७ बोरा चामल, ३५ किलो दाल र ५० लिटर तेल हस्तान्तरण गरेका थिए। त्यस्तै १०० ग्रुप नेपाल संस्थालाई १२५ किलो चामल, २५ किलो दाल र २१ लिटर खानेतेल तथा होटल



रेल्वे कटेजलाई ३० बोरा चामल, २ बोरा दाल र ६० लिटर खानेतेल हस्तान्तरण गरेका थिए।

वीरगंज महानगरमा निषेधाज्ञा लागू भएपछि बिहान बेलुका ज्यालादारी गरेर छाक टार्ने गरीब विपन्नलाई समस्या हुन नदिन समर्पण सेवा संस्थाको सहयोगमा साहिब दरबार सेवा संस्था, रेल्वे कटेज लगायतले १० दिनदेखि निरन्तर निश्शुल्क भोजन गराउँदै आएका छन्।

## विचारसार र सूक्तिहरू

अरूको सहायता र सेवा गर्नु उत्तम कुरा हो, तर यो तब मात्र सम्भव हुन सक्छ, जब आफू स्वयं शुद्ध र पवित्र बनिन्छ ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
online: eprateekdaily.com


## गाउँको के होला ?

**शहरमा त भित्र–बाहिर सबैतिरका मानिसको आवागमन हुने हुँदा परस्पर दूरीको मापदण्ड पालनामा लापरवाही भएर कोभिड–१९ को सङ्क्रमण बढ्यो, जुन समस्या गाउँघरमा त्यति सारो देखिँदैन । धनीसँग दाँजो गर्न गरीबले स्वाभिमान, इमानदारी, मूर्खले मूर्खता छोप्न रिस, निर्बलले बलियोलाई कराएर जित्ने प्रयास गर्छ, त्यसैगरी गाउँलेहरू आफूलाई जान्ने देखाउन शहरको विपरीत गर्न खोज्छन् । शहरमा मानिसहरू मास्क लगाएर घुम्छन्, हामीसँग इम्युन पावर छ भनेर गाउँले विनामास्क हिंडछन् । परस्पर दूरी आवश्यक छैन भन्ने उनीहरूले मान्यता नै बनाएका हुन्छन् । बापदादादेखि चलिआएको सामाजिक संस्कारमा अवरोध पुऱ्याउनुहुन्न । हामी शहरिया होइनौं, परम्पराको पालना गर्न किञ्चित पछि पर्दैनौं । यस्तै सोचले अहिले गाउँलाई कोरोनाको चपेटमा पार्न थालेको छ । गाउँ जहाँ स्वास्थ्य–चेतना छैन, गाउँ जहाँ अदक्ष चिकित्सकहरूको भीड छ, गाउँ जहाँ गतिलो सरकारी स्वास्थ्य केन्द्र छैन, भएकोमा चिकित्सक छैन, चिकित्सक छ भने औषधि छैन । मापदण्डविना औषधि पसल सञ्चालन भएका हुन्छन्, तिनले दिएको औषधि खाएर स्वस्थ रहने भ्रममा बाँचिरहेको गाउँमा कोरोनाले केके उपद्रो देखाउला, अब आउने दिनले देखाउने छ ।**

**हो, गाउँमा बाहिरको मानिस आएर कोभिड–१९ छिराउँदैन, तर गाउँकै मर्दहरू कमाउन विदेश त जान्छन् नै । ती यस्तो महामारीमा घर पनि फर्कन्छन् । तिनले सङ्क्रमण फैलाउन सक्छन् । गाउँले यत्तिका भयावह अवस्थामा पनि धूमधामका साथ बिहे, गाउँभरिलाई बटुलेर भोजभतेर, डिजेको तरङ्गमा गाउँलेलाई नचाउने सपना पालेरै बसेको छ । आज विदेश गएकाबाहेक गाउँका जवान रोजीरोटीको जोहो गर्न शहर पसेकै हुन्छन्, तिनीहरू शहरका मानिसको सम्पर्कमा आएका हुन्छन्, फर्केर गाउँले सबैसँग नभए पनि, परिवारसँग निर्धक्क टाँसिएकै हुन्छन् । एकजनालाई कोरोनाले छोयो भने अनेक सङ्क्रमित हुन पुग्छन् भन्ने हेक्का गाउँले राख्दैन । किनकि त्यहाँ अज्ञानता छ, शहरको देखासिकीबाट परहेज छ । गाउँमा कसैको बिहे, भोजभतेरमा नजाँदा 'बात' लाग्छ । गाउँमा अहिले पनि सामाजिकता घनीभूत छ । गाउँ एकल प्रयासमा चलेको छैन, पारस्परिक सहयोगमा चल्दछ । त्यसैले कोही बुद्धिमान छ भने पनि उसले गाउँमा सामान्य सचेतना पनि प्रकट गर्न पाउँदैन । त्यसैले अहिले के पर्सा, बारा वा रौतहट कुनैकुनै गाउँमा, कोरोना विस्फोट भएसरहको अवस्था छ । गाउँहरूलाई सिल गर्नुपर्ने अवस्था आइलागेको छ ।**

**तर गाउँले हठ जारी छ । धूमधामका साथ बिहे भइरहेको छ, डिजे बजिरहेको छ, त्यसको तालमा मानिस नाचिरहेका छन्, भोजभतेरमा झुम्मिएका छन् । गाउँबाट शहरमा तारन्तार फोन आइरहेको छ । लौ न, के गर्ने, कोरोनाले हामीलाई गाँज्यो । शहरका अस्पतालमा ठाउँ छैन, अस्पतालहरूमा अक्सिजन छैन । यस्तोमा लोभीपापीहरूले सञ्चालन गरेको अस्पतालहरूले ढाड भाँचिनेगरी शुल्क लिइरहेका छन् । ज्यान जोगाउन घर–खेत बेचेर पनि शहर आउन चाहनेलाई एम्बुलेन्स धनी र चालकहरूले लुटिरहेका छन् । यद्यपि गाउँमा शहरको तुलनामा रोग प्रतिरोधक क्षमता बढी छ, तर कति घरी ? कोभिडले त कस्ताकस्तालाई ढालेको छ । पहलवानदेखि खेलाडीसम्म यसको प्रकोपबाट जोगिन सकेका छैनन् । अब गाउँ सचेत हुनुपर्छ । स्थानीय सरकारहरू जनमुखी हुनुपर्छ र स्वास्थ्य सतर्कता अँगाल्न गाउँवासीलाई प्रोत्साहित गर्नुपर्छ ।**

# विद्यार्थीहरूको दृष्टिमा कोभिड १९


शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**उनीहरू (विद्यार्थी)को निश्चल भावनाबाट के प्रस्ट हुन्छ भने उनीहरूसँग जानकारीको अभाव छैन । तर विडम्बना के छ भने उनीहरूको यस्ता भावनालाई कसले सुनिदिने र कसले त्यसमा पहल गर्ने ?**

साधारण बोलचालको भाषामा शिक्षाको अर्थ 'सिक्नु' हो । शिक्षाले मानिसको विवेकलाई जागृत गर्दछ । वर्तमानमा शिक्षा 'अर्थ' सँग जोडिन पुग्यो अर्थात् शिक्षाको उद्देश्य धनार्जन हुन गयो । नैतिकतासँग शिक्षाको कुनै नाता रहेन । कोरोनाको पहिलो लहरपछि जीवन धान्ने भागदौड चलिरहेको बेला अचानक कोरोनाको दोस्रो लहरले गर्दा सबैथोक पुनः रोकिन पुग्यो । नेपाल मात्र होइन विश्वका धेरैजसो ठाउँ आज लकडाउनमा छ । वर्तमान सन्दर्भमा लकडाउनको प्रभाव शैक्षिक जगत्माथि पनि परेको छ । गत वर्षझैं यस वर्ष पनि परीक्षाको प्रारम्भमैं सम्पूर्ण परीक्षाहरू स्थगित भएको छ । तेस्रो लहर पनि छिट्टै आउने सम्भावना सामाजिक सञ्जालमा आउन थालेको छ । विद्यार्थीहरू पुनः घरमा कैद हुन बाध्य भएका छन् ।

हाम्रो सरकारले पनि हालसम्म शैक्षिक समस्याको समाधान गर्न नसकेको अवस्था छ । विद्यालय र शिक्षकहरू पनि यस विषम परिस्थितिमा के गर्ने कुरामा अन्योलग्रस्त छन् । थरीथरीका विचारहरू विद्यार्थीहरूको मस्तिष्कमा पनि खेलिरहेको होला । यिनै कुरामाथि विचार गरिराख्दा मेरा एक मित्रले कोरोना महामारीबारे विद्यार्थीहरूको अनुभव के रहेको छ जान्न सल्लाह दिए । सोही सल्लाह अनुसार यस आलेखमार्फत विद्यार्थीहरूबाट प्राप्त भावना समेटेर प्रस्तुत गरेको छु ।

सबै विद्यार्थीले यो कोभिड–१९ चाइनाको वुहान प्रान्तबाट विश्वभरि सरेको बताएका छन् । कसैकसैले यसलाई चाइनिज जैविक युद्ध पनि भनेका छन् । आफ्नो भावना प्रकट गर्दै संस्कृति गुप्ताले लेखेकी छिन्–पहिलो लहरपछि विद्यालय खुलेको थियो । पढाइ द्रुत गतिमा भइरहेको थियो । सोही बेला हाम्रो छिमेकी भारतमा दोस्रो लहर प्रारम्भ भएको कुरा हामीहरूले सुन्यौं । त्यो सुन्दा डरको एउटा लहर मनभित्र पस्यो । केही दिन बित्दा नबित्दै नेपाल सरकारले लकडाउनको घोषणा गरे अनुरूप हाल विद्यालयहरू बन्द छन् । प्रारम्भ भएको हाम्रो आधारभूत तहको अन्तिम परीक्षा पनि स्थगित भयो । घरमैं बसेर परीक्षाको तयारी गरिरहेकी छु । हरेक दिन साथीहरूलाई सम्झने गर्छु । कोरोनाबाट बच्न पटकपटक साबुनपानीले हात धुने गरेकी छु । घरमैं बसेर कोभिड–१९ बाट बच्ने सम्पूर्ण उपायहरूको पालना गरिराखेकी छु । केही दिनदेखि म बोर हुन थालेकी छु । मलाई धेरै डर पनि लागिरहेको छ । मेरो छिमेकमा बस्ने केहीले ज्यान गुमाएको सुनेकी छु । यो महामारीको छिट्टै अन्त्य होस् भन्ने म चाहन्छु ।

यसै क्रममा समीक्षा घिमिरेले यो रोग लागेपछि ज्वरो आउने, रुघाखोकी लाग्ने, बान्ता हुने, जीउ र टाउको दुख्ने, स्वाद हराउने, गन्ध थाहा नहुने, श्वासप्रश्वासमा समस्या हुनेजस्ता लक्षणहरू देखापर्ने बताइन् । यस भनाइबाट के प्रस्ट हुन्छ भने विद्यार्थीहरूलाई कोभिड–१९ बारे गहिरो ज्ञान छ र उनीहरू यस सम्बन्धमा सचेत पनि छन् । अगाडि उनी लेख्छिन्–यस रोगको भाइरस छिमेकी मुलुक भारत हुँदै नेपाल आइपुगेको छ । यस भाइरसले हाम्रो देशमा धेरै क्षति पुऱ्याएको छ । देशको जनशक्तिमा ह्रास हुँदै गएको छ । नेपालभरि यसको त्रास फैलिएको छ । व्यापार र व्यवसाय घाटामा छन् । शिक्षा र स्वास्थ्यजस्ता संवेदनशील क्षेत्रहरूमा पनि नराम्रो असर परेको छ । मानिसहरू घरबाहिर निस्कने अवस्था छैन । गरीब वर्गमा रोगभन्दा पनि भोकको डरले सताइरहेको छ । यस कारण उनीहरू घरबाट बाहिर निस्कने, सुरक्षाका मापदण्डको अवहेलना गर्ने र कोरोना भाइरसका शिकार भइरहेका छन् । यसतर्फ सरकारले पनि ध्यान दिनुपर्ने हुन्छ । चारैतिर बन्द हुँदा घरभित्रै गुम्सिएर बस्नुपर्दा छटपटी, शारीरिक अस्वस्थता र दिक्क लाग्न थालेको छ ।

नैन्सी सर्राफ के लेख्छिन भने कोभिड–१९ वर्तमान समयको सबैभन्दा डरलाग्दो शब्द हो किनभने यसले हरेकको मनमा डर र चिन्ता उत्पन्न गराइदिएको छ । भविष्यलाई कसरी जोगाउने, के खाने, कहाँ जाने, हाम्रो आमाबुवाले कसरी कमाउनेजस्ता चिन्ताले हजारौं मन त्रसित बनेको छ । म उउटी विद्यार्थी हुँ तर डर र चिन्ताले मलाई पनि छाडेको छैन । विभिन्न प्रकारका नकारात्मक विचारहरू मनमा खेलिरहन्छ । आज म र मेरो परिवार सुरक्षित छ, भोलि के हुन्छ थाहा छैन । हरेक रात नयाँ आशा लिएर सुत्छु, तर भोलिको बिहानी हेर्न पाउँछु कि पाउँदिनँ डर रहिरहन्छ । हे इश्वर ! यस पृथ्वीलाई हाँस्ने कुनै एउटा कारण दिनुस् ।

लीजा श्रेष्ठले छिमेकी परिवारको एकजना सदस्य कोराना पीडित भएपछि उसको घरमा कोही जाँदैन र छेउका पसलेहरूले पनि त्यस परिवारलाई सामान बेच्न इन्कार गरिदिएको छ । दूधवालाले पनि दूध दिन छोडेको छ । समाज कसरी यति संवेदनहीन हुन सक्छ भन्ने उनले प्रश्न उठाएकी छिन् ।

यो एउटा सङ्क्रामक रोग हो । विश्व स्वास्थ्य सङ्गठनले पनि यस रोगबाट बच्न सतर्क हुन आवश्यक छ भनेको छ । हामी सबैले यसबाट बच्ने उपाय इमानदारीसाथ पालना गर्नुपर्छ । वीरगंजमा पनि यो दिनानुदिन बढ्दै गएको कुरा प्रतिदिन समाचारबाट थाहा भइरहेको छ । म गाउँमा छु । यहाँका धेरै मानिस मास्क लगाउँदैनन् । मलाई के लाग्छ भने केही दिनमैं गाउँ–गाउँमा यो रोग फैलिने छ । यहाँ त राम्रो अस्पताल पनि छैन । म डरले बाहिर निस्किँदिनँ । साथीहरू पनि घरमैं बसिरहेका होलान् । यो भनाइ हो अनिशा चौहानको, जो गाउँमा छिन् । उनी भन्छिन्–अहिले पनि धेरै मानिस हेलचेक्र्याइँ गरिरहेका छन् जसको परिणाम आउने दिनमा झन् भयावह हुनेछ ।

कुलदीप दासले किराना र ओखती बाहेक विद्यालय, क्याम्पस, सिनेमाहल, होटल, जिम, यातायात, कलकारखाना बन्द रहेकोले धेरै मानिसले जागीर गुमाउनुपरेको कुरा उठाएका छन् । उनले लेखेका छन्–सरकार पनि यसतर्फ गम्भीर छैन । आम जनताले कहिले खोप पाउने हो भन्न गाऱ्हो छ । भ्रष्टाचार दिनहुँ बढी रहेको छ । पैसा नहुनेका लागि यो विषम परिस्थिति हो । चीन र भारतबाट आएको खोपमा पनि भ्रष्टाचार भएको शङ्का हुन थालेको छ किनभने वडा–वडामा खोप लगाइयो तर हाम्रो परिवारमा हालसम्म कसैले पनि खोप लगाउन पाएको छैन ।

हिमानी यादव लेख्छिन्–म घरमैं छु तर पनि मलाई डरले सताएको छ । मेरो घरबाट जब कोही बाहिर जान्छ फर्केर आउँदा कोरोनासँगै लिएर आउने हो कि भन्ने डर लाग्छ । यस कारण बुवालाई भनेर मैले सबैको लागि मास्क र सेनेटाइजर घरमैं राखेकी छु । कोही बाहिर जान लाग्दा मास्क लगाएर जाने सल्लाह दिन्छु र घर फर्केपछि उनीहरूलाई चप्पलजुत्ता बाहिरै खोलेर हात सेनेटाइज्ड गरेपछि मात्र घरभित्र प्रवेश गर्न दिन्छु । आलोक वर्णवालले यो महामारीका विषाणु हावाबाट फैलिन सक्ने कुरा सुनेपछि झन् डराएको छु भनेका छन् । बुवा बाहिर काममा जाँदा छिट्टै घर फर्कन भन्छु र बीचबीचमा फोन गरिराख्छु ।

राहुल यादवले वीरगंजमा अक्सिजनको कमी हुँदै गएको लेख्दै प्रशासनलाई यसको जिम्मेवार बनाएका छन् । उनी लेख्छन्–जब वीरगंजमैं अक्सिजनको कमी छ भने किन काठमाडौं पठाउनुपऱ्यो ? हाम्रा मधेसका नेताहरू के हेरेर बसेका छन् ? यो कोरोना भाइरसले गर्दा विद्यार्थीहरूलाई पनि मोबाइलको लत लागेको छ । कहीं यस भाइरसको विस्तारमा मोबाइल कम्पनीहरूको त हात छैन ? यस्ता गम्भीर प्रश्नहरू विद्यार्थीहरूको मनमा कहाँबाट प्रवेश गरेको होला बुझ्न गाऱ्हो छ तर सत्य के हो भने आज टेक्नोलोजीको यति विकास भइसकेको छ कि कुनै पनि कुरो लुकाउन गाऱ्हो छ ।

पूजा र प्रतिमाकुमारी लेख्छन्–जहाँजहाँ यो महामारी फैलिएको छ त्यहाँको सरकारले द्रुतगतिका साथ आफ्नो नागरिकलाई खोप लगाइरहेका छन् तर हामी अहिले पनि खोप कहाँबाट, कसले देला भन्ने कुरैमा अल्मलिएका छौं । सीमित खोप कहींबाट आयो र समाप्त पनि भयो, हामी हालसम्म प्रतीक्षारत छौं । जो गरीब र निमुखा छन्, जसले आफ्नो इलाज आफैं गर्न सक्दैन, रोग लागेपछि मर्नुबाहेक उनीहरूसँग के उपाय छ ? सरकारी अस्पताल खाली छैन, निजी अस्पतालमा त मरेपछि जबसम्म शुल्क पाउँदैनन् तबसम्म मृत शरीर आफन्तलाई हस्तान्तरण गर्दैनन् मैले सुनकी छु । यसै क्रममा नेहा शर्मा, रूपसी चौधरी र निकिता चौधरीले यस महामारीसँग जुझ्नका लागि स्वास्थ्य मन्त्रालयले दिएको सबै निर्देशन, हरेक आमाबुवाले आआफ्ना सन्तानको भविष्य सुरक्षित पार्न, पालना गर्नुपर्छ भनी लेख्दै गम्भीरताका साथ लिन अनुरोध गरेका छन् । विद्यार्थीहरूका यी कुरा सुन्दा के लाग्छ भने कोरोना महामारीबाट राष्ट्रलाई जोगाउन सामूहिक प्रयासको खाँचो छ । एक–दुईजनाको प्रयासले यस महामारीलाई थेग्न सकिंदैन र वर्तमानको परिदृश्य यसकै परिणाम हो ।

हुनत धेरैले कोभिड–१९ बारे लगभग समान भावना व्यक्त गरेका छन् तर यहाँ प्रस्तुत आलेखमा केही फरक विचारहरू मात्र समावेश गरिएको छ । उनीहरूले व्यक्त गरेको भावनामा कोभिड– १९ का कारण, समस्या, चुनौती र समाधानका उपायहरूसमेत लुकेको छ । उनीहरूले व्यक्त गरेका भावना गम्भीर र मननीय छ । उनीहरूको निश्चल भावनाबाट के प्रस्ट हुन्छ भने उनीहरूसँग जानकारीको अभाव छैन । तर विडम्बना के छ भने उनीहरूको यस्ता भावनालाई कसले सुनिदिने र कसले त्यसमा पहल गर्ने ? तर के विश्वास के गर्न सकिन्छ भने यदि युवा विद्यार्थीहरूको हातमा देशको शासन सुम्पियो भने उनीहरूले 'सुखी र समृद्ध नेपाल'को परिकल्पना साकार पारेर देखाउने छन् ।

# बागलुङमा विवाहले फैलियो कोरोना

गलकोट, २ जेठ/रासस

बागलुङमा अहिले कोभिड–१९ का सक्रिय सङ्क्रमितको सङ्ख्या ७४७ पुगेको छ भने २३ जनाको मृत्यु भएको छ ।

एक हप्ता अघिसम्म जिल्लामा सक्रिय सङ्क्रमितको सङ्ख्या १०० को सेरोफेरोमा थियो । अहिले सङ्क्रमितको सङ्ख्या ह्वात्तै बढ्नुको कारण सरकारको निर्देशनविपरीत भीडभाड र जमघट भएको स्वास्थ्यकर्मी बताउँछन् ।

वैशाख लगनको महीना भएकोले अधिकांशले धुमधामसँग विवाह गर्ने, चौरासी पूजा गर्ने तथा अन्य सामाजिक संस्कारजन्य भोजभतेर गर्ने क्रम तीव्र हुँदा सङ्क्रमण दर डरलाग्दो अवस्थामा पुगेको हो । वैशाखको दोस्रो साता बडिगाड गाउँपालिका–४ मा भोजसहितको विवाह सम्पन्न भएको थियो । संयोग या लेखन्त, त्यसको केही दिनमैं कोरोना सङ्क्रमण पुष्टि भएर धौलागिरि अस्पतालमा उपचारकै क्रममा रहेका बेला वैशाख २३ गते विवाह भोज गर्ने परिवारका मुख्य अभिभावकको मृत्यु भयो । परिवारका अन्य सदस्य पनि सङ्क्रमित भएका छन् । थप सहभागीको पिसिआर गर्दा ३१ जनाको स्वाब लिइएकोमा २५ जनामा सङ्क्रमण पुष्टि भयो । यसले सङ्क्रमण बढाउने कारण विवाह रहेको पुष्टिसमेत गर्दछ ।

अन्ततः कोरोनाकै कारण बडिगाडका एकै परिवारका चारजनाको मृत्यु भएको छ । सत्रङ्क्रमणबाट बाबाको मृत्यु भएको एक सातापछि दुई छोराको सङ्क्रमणकै कारण मृत्यु भएको हो । वैशाखको दोस्रो साता आयोजना गरिएको विवाह भोजका कारण नै यस्तो घटना भएको स्थानीयवासी बताउँछन् ।

धौलागिरि अस्पतालमा उपचाररत बडिगाड–४ का ४० वर्षीय पुरुषको बिहीवार राति मृत्यु भयो । मृतकका ८७ वर्षीय बुवाको यस अघि सोही अस्पतालमा वैशाख २३ गते उपचारका क्रममा मृत्यु भएको थियो । उनकै परिवारको अर्को ५२ वर्षीय छोराको उपचारका क्रममा पोखरास्थित गण्डकी मेडिकल कलेजमा बिहीवार राति नै मृत्यु भएको छ । यस्तै शनिवार परिवारकै सदस्य ५३ वर्षीया महिलाको समेत धौलागिरि अस्पतालमा मृत्यु भएको छ ।

अधिकांश सङ्क्रमित भीडभाडमा गएको र स्वास्थ्य सुरक्षा मापदण्ड पालना नगरेको कारण बडिगाड–४ मा अत्यधिक मात्रामा सङ्क्रमण दर बढेको गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक चुडामणि कँडेलले बताए । यद्यपि सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्न–गराउन स्थानीय प्रहरी प्रशासन सक्रिय थियो । यस क्रममैं लापरवाही गरेको भन्दै विवाहमा धेरै जन्ती लगेपछि बागलुङ नगरपालिका–८ सिगानाबाट वैशाख २२ गते बेहुलाका बुबासहित जिल्ला प्रहरी कार्यालयले जन्ती गएको तीन सवारी नियन्त्रणमा लिएको थियो । सातजना मात्रै विवाहमा सहभागी गराउन पाइने व्यवस्था सरकारले गरेको छ तर दुलाहा पक्षले झन्डै ३०० जन्ती लगेको थियो ।

त्यसपछि सिगानामा केही मानिसमा कोरोना भाइरसको लक्षण देखिएकोले

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## कोभिड-१९ महामारीबीच गङ्गा नदी किनारामा शवको थुप्रो

प्रयागराज, भारत, २ जेठ/एपी

भारतको उत्तर प्रदेशका प्रहरीहरू अहिले गङ्गा नदीका किनारामा बालुवाले अलिअलि छोपछाप पारिएका शवको अनुसन्धान गर्न खटिएका छन्।

कोरोना भाइरसको सङ्क्रमणका कारण मृत्यु भएका व्यक्तिलाई गङ्गाका तटमा जथाभावी छाडिएको भन्दै सामाजिक सञ्जालमा तस्वीरहरू पोस्ट भएपछि प्रहरीले सक्रियता बढाएको हो।

जीप र डुङ्गाबाट गश्ती गरिरहेका प्रहरीले लाउडस्पिकरको सहायताले नदीमा जथाभावी शव नफाल्न र नदी किनारामा अव्यवस्थितरूपमा शव नछाड्न सर्वसाधारणलाई अनुरोध गर्न थालेका छन्। प्रहरीले लाउडस्पिकरबाट भनिरहेको थियो–"हामी तपाईंलाई अन्तिम संस्कारका लागि मदत गर्न यहाँ आएका हौं।"

शुक्रवार वर्षाले उत्तर प्रदेश राज्यको प्रयागराज शहरको गङ्गा नदी किनारमा बालुवाले छोपछाप पारेका शव बेरिएका कपडा निकालिदिएको थियो।

उत्तर प्रदेश राज्य सरकारका प्रवक्ता नवनीत सहगलले आइतवार स्थानीय सञ्चार माध्यममा छापिएका समाचारको खण्डन गरेका थिए। समाचारमा कोभिड-१९ का कारण मृत्यु भएका एक हजारभन्दा बढी शव विगत दुई साताामा गङ्गा नदी किनारामा बेवारिसे अवस्थामा भेटिएको उल्लेख थियो। तर सहगलले दाबीका साथ भने–"यी शव कोभिड-१९ बाट पीडित व्यक्तिका होइनन्।"

उनले केही मानिसले हिन्दू परम्परा अनुसार गर्नुपर्ने मृतक परिजनको दाह संस्कार यसपटक विभिन्न कारणले विधिपूर्वक नगरेको बताए।

एकजना वरिष्ट प्रहरी अधिकृत के.पी. सिंहले कोभिड-१९ का कारण मृत्यु भएकाहरूको दाहसंस्कारका लागि प्रयागराजको नदी किनारमा अलग ठाउँ व्यवस्था गरिएको बताए। नदी सामुन्ने दाह संस्कार गर्नबाट रोकिएको छ– उनले भने।

दाह संस्कारमा मदत गरिरहेको समाजसेवी संस्था बन्धु महल समितिका सदस्य रमेशकुमार सिंहले ग्रामीण इलाकामा मृत्यु भएका व्यक्तिको सङ्ख्या निकै ठूलो रहेको बताए। उनले दाह संस्कारको काममा बढी खर्च र काठको अभावका कारण धेरै गरीब परिवारले आफन्तजनलाई नदी किनारमा त्यतिकै गाडिदिने गरेको जानकारी दिए।

हालका दिनमा दाह संस्कारका लागि तीन गुणा मूल्य बढेको छ अर्थात् एक शवको व्यवस्थापनका लागि भारु १५ हजारसम्म पर्न थालेको छ।

राज्यका स्वास्थ्य अधिकारीहरूले गत साता गङ्गा नदीले छेउ लगाएका ७१ शव फेला पारेका थिए। अधिकारीहरूले ती शवको पोस्टमार्टम गरेका थिए तर शवहरू सडिसकेकाले मृत्युको ठोस कारण ठम्याउन सकेनन्।

उत्तर प्रदेशकै राजधानी लखनऊबाट करीब ४० किलोमिटर दक्षिण उन्नाव जिल्लास्थित गङ्गा नदी तटमा बालुवाले छोपेको अवस्थामा गत साता एक दर्जन शव फेला परेका थिए। जिल्ला मजिस्ट्रेट रवीन्द्र कुमारले मृत्युको कारण पहिल्याउन अनुसन्धान जारी रहेको बताएका छन्।

भारतीय स्वास्थ्य मन्त्रालयले आइतवार सार्वजनिक गरेको विवरणमा विगत २४ घण्टामा भारतमा तीन लाख ११ हजार व्यक्ति कोभिड-१९ बाट सङ्क्रमित भएका उल्लेख छ। यो सङ्ख्या अघिल्लो दिनको भन्दा करीब १५ हजारले कम हो।

तर मृत्यु दरमा भने कमी आएको छ। विगत २४ घण्टामा भारतमा चार हजार ७७ जनाको कोभिडको सङ्क्रमणकै कारण मृत्यु भएको छ। योसहित भारतमा कुल मृतकको सङ्ख्या दुई लाख ७० हजार २८४ पुगेको छ। कतिपय विज्ञहरूले यो सङ्ख्याभन्दा अझ बढी व्यक्तिको मृत्यु भएको दाबी गरेका छन्। रासस



तस्वीरमा देखिएको भीड छिमेकी भारतको रक्सौल बजारको हो। कोरोना सङ्क्रमण समुदायमा फैलिएपछि बिहार सरकारले राज्यमा लकडाउन मई २५ तारिखसम्म लम्ब्याएको छ। स्वास्थ्य, सुरक्षा मापदण्ड अनुसार निर्देशित मिति र समयमा बजार पसल सञ्चालनको निर्देशन छ। तर निर्देशनको प्रभाव तरकारी बजारमा भएको छैन। मानिसहरू भीडभाड गरेर स्वास्थ्य र सुरक्षा मापदण्डको उल्लङ्घन गर्दै किनमेल गरिरहेका छन्। तस्वीर : राजेश केसरीवाल

## दोस्रो चरणको कोरोनाबाट सबैभन्दा बढी युवा सङ्क्रमित

इनरुवा, २ जेठ/रासस

दोस्रो चरणको कोरोना भाइरस सङ्क्रमण बढेसँगै यसको प्रभाव सबैभन्दा बढी युवा वर्गमा परेको पाइएको छ। सङ्क्रमितमध्ये २१ देखि ३० वर्ष उमेर समूहका युवाको सङ्ख्या बढी रहेको स्वास्थ्य कार्यालय सुनसरीले जनाएको छ।

अहिलेसम्म सङ्क्रमित सङ्ख्याको २८.९ प्रतिशत यस उमेर समूहमा देखिएको स्वास्थ्य कार्यालय, सुनसरीले जनाएको छ। त्यसैगरी ३१ देखि ४० वर्ष उमेर समूहका २३.६ प्रतिशत सङ्क्रमित रहेका छन्। सङ्क्रमित हुनेमा ४१ देखि ५० वर्ष उमेर समूहका १६.१ प्रतिशत रहेको स्वास्थ्य कार्यालय इनरुवा सुनसरीका प्रमुख सागर प्रसाईंले बताए।

एकाउन्नदेखि ६० वर्षसम्मका व्यक्ति १२.२ प्रतिशत सङ्क्रमित रहेको उनले जानकारी दिए। त्यसैगरी ६१ देखि ७० वर्षका ज्येष्ठ नागरिक ६.४ प्रतिशतमा कोरोना पोजिटिभ भएको पाइएको छ।

ज्येष्ठ नागरिकतर्फकै ७१ देखि ८० वर्षको उमेर समूहमा ३.१ प्रतिशत सङ्क्रमित रहँदा ८१ देखि ९० वर्ष उमेर समूहमा एक प्रतिशत र सोभन्दा माथिका उमेर समूह ०.१ प्रतिशत सङ्क्रमित पाइएको स्वास्थ्य कार्यालय, सुनसरीका प्रमुख प्रसाईंले बताए।

त्यसैगरी कोरोना सङ्क्रमित १० वर्षमुनिका बालबालिकाको सङ्ख्या तीन प्रतिशत रहेको उनले बताए। एघार देखि २० वर्ष उमेर समूहका ५.६ प्रतिशत सङ्क्रमित पाइएको छ। अहिलेसम्म जिल्लामा सक्रिय सङ्क्रमितको सङ्ख्या दुई हजारभन्दा बढी छ भने मृतकको सङ्ख्या ४० पुगेको छ।

जिल्लामा सङ्क्रमणको दर दैनिक बढ्दै गएको कारण यसबाट बच्न नेपाल सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड पूर्ण पालना गर्न सबै जिल्लावासीमा स्वास्थ्य कार्यालय सुनसरीले आग्रहसमेत गरेको छ।

### बागलुङमा विवाह......

स्वाब सङ्कलन गर्दा ९० प्रतिशत विवाह, भोजभतेर तथा पूजाआजामा सहभागी भएकोमा कोरोना देखिएको बागलुङ-८ सिगानाका वडाध्यक्ष राजन जिसीले बताए। सिगानामा शनिवार आएको रिपोर्ट अनुसार २६ जनाको परीक्षणमा १५ जनामा सङ्क्रमण फैलिएको छ। "जिल्लामा सङ्क्रमणको दर तीव्ररूपमा फैलनुमा विवाह, भोजभतेर तथा पूजाआजा हो"–जिसीले भने–"सरकारले मात्रै गरेर हुँदैन, नागरिक सचेत नभएसम्म समस्या हुन्छ, राज्यको नियम उल्लङ्घन हुँदा समस्या हुन्छ।"

जिल्लाको ताराखोलामा समेत विवाह भोजकै कारण कोरोना बढी फैलिएको पाइएको छ। जिल्लामा कोरोनाको दोस्रो लहर शुरू भएर सङ्क्रमण तीव्र फैलिन थालेपछि जेठ १५ सम्म निषेधाज्ञा गरिएको छ। कोरोना बढ्नुको मुख्य कारण सामाजिक संस्कारजन्य कार्य भएकाले अब सबै सचेत र गम्भीर बन्नुपर्ने प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्की बताउँछन्। "कोरोना सङ्क्रमण फैलिंदो क्रममा छ, स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरिदिनुस् भनेर बारम्बार निर्देशन र अनुरोध गरिरह्यौं तर नागरिकले बेवास्ता र लापरवाही गर्दै भीडभाड हुने कार्य गरेकैले अहिले डरलाग्दो अवस्था आएको छ"–प्रजिअ कार्कीले भने–"अब जेठ १ गतेदेखि विवाह घरमैं सीमित राख्न निर्देशन गरिएको छ, अटेरी गरेमा तुरून्तै कारबाई गरिने छ।


प्रदेश सरकार
प्रदेश नं. २
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य कार्यालय, पर्सा

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्नेसम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति २०७८/०२/०३

कोभिड-१९ महामारीको नयाँ भेरिएन्ट तीव्ररूपमा फैलिरहेकोले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय च.नं. ८ मिति २०७८/०१/२० को पत्र अनुसार प्रदेश मन्त्रीपरिषद्बाट स्वीकृत दरबन्दी तेरिज अनुसार तपसिल अस्पतालका देहायबमोजिम जनशक्ति कोभिड प्रयोजनमा चिकित्सक तथा स्वास्थ्यकर्मी करारमा नियुक्ति गर्ने कार्यविधि २०७८ (संशोधिनसहित) अनुसार व्यवस्था गर्ने सामाजिक विकास मन्त्रालय प्रदेश नं. २ पत्र सङ्ख्या २०७७/०७८ च.नं.९९८ मिति २०७८/०१/२८ को पत्र अनुसार कोभिड-१९ महामारी नियन्त्रण तथा महामारी सङ्क्रमित बिरामीको उचित तथा प्रभावकारी उपचार व्यवस्थापनको लागि विशेष परिस्थितिमा तपसिलमा उल्लिखित कर्मचारी सेवा करारमा लिनुपर्ने भएको हुँदा निम्न योग्यता प्राप्त नेपाली नागरिकहरूले आफ्नो प्रमाणपत्रको प्रतिलिपि आफैंले प्रमाणित गरी कार्यालयले निर्धारण गरेको फारम भरी प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३ दिनभित्र (अपराह्न ५ बजेसम्म) तपसिल अनुसारको पद/तह र स्थानको लागि दरखास्त दर्ता गराउनुहुन यो विज्ञापन गरिएको छ।

**तपसिल**

**१) नारायणी अस्पताल वीरगंज, पर्सा।**

| क्र.सं. | पद | तह | सङ्ख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | कन्सल्टेन्ट एनेस्थेसिया | नवौं | १ | एनेस्थेसियोलोजीमा स्नाकोत्तर उपाधि प्राप्त। |
| २ | मेडिकल अधिकृत | आठौं | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरह उपाधि प्राप्त। |
| ३ | स्टाफ/नर्स/पारामेडिक्स | पाँचौं | ८ | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण। मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाण पत्र तह उत्तीर्ण। |
| ४ | एनेस्थेसिया असिस्टेन्ट | पाँचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट हे.अ./ Staff Nurse कोर्स उत्तीर्ण गरी कम्तीमा ३ महिनाको एनेस्थेसियासम्बन्धी तालिम प्राप्त। |
| ५ | ल्याब टेक्नोलोजिस्ट | पाँचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याबमा प्रमाणपत्र तह उत्तीर्ण। |
| ६ | ल्याब असिस्टेन्ट | चौथो | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एसएलसी उत्तीर्ण गरी १ वर्षको ल्याब असिस्टेन्ट कोर्स उत्तीर्ण। |
| ७ | स्वीपर | श्रेणीविहीन | २ | साधारण लेखपढ गरेको। |

**१) पोखरिया अस्पताल, पर्सा।**

| क्र.सं. | पद | तह | सङ्ख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | आठौं | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरह उपाधि प्राप्त। |
| २ | स्टाफ/नर्स/पारामेडिक्स | पाँचौं | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीर्ण। मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाण पत्र तह उत्तीर्ण। |
| ३ | रेडियोग्राफर | पाँचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण। |
| ४ | एनेस्थेसिया असिस्टेन्ट | पाँचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट हे.अ./ Staff Nurse कोर्स उत्तीर्ण गरी कम्तीमा ३ महिनाको एनेस्थेसियासम्बन्धी तालिम प्राप्त। |
| ५ | ल्याब असिस्टेन्ट | चौथो | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एसएलसी उत्तीर्ण गरी १ वर्षको ल्याब असिस्टेन्ट कोर्स उत्तीर्ण। |
| ६ | स्वीपर | श्रेणीविहीन | २ | साधारण लेखपढ गरेको। |

**उम्मेदवारले अनिवार्य रूपमा पेश गर्नुपर्ने कागजातहरू :**

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।
३) सम्बन्धित काउन्सिलको प्रमाणपत्रको प्रतिलिपि।
४) अनुभवको प्रमाणपत्र।
५) सम्बन्धित स्थानमा बसोवास गरेको।

**छनोट प्रक्रिया** : अन्तर्वार्ता।
**फर्म बुझाउने स्थान** : स्वास्थ्य कार्यालय, पर्सा।
**फर्म बुझाउने अन्तिम मिति** : २०७८/०२/०५



नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
नारायणी अस्पताल विकास समिति
वीरगंज, पर्सा

## कोभिड बिरामीहरूको उपचारको लागि करार सेवमा कर्मचारी भर्ना लिने सम्बनेध सूचना

(प्रथमपटक विज्ञापनको सूचना प्रकाशित मिति २०७८।०२।०३)

नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रको च.नं.१५३३ मिति २०७८/०१/१४ गतेको अस्पताल व्यवस्थापनसम्बन्धी परिपत्रको बुँदा नं. ३, ४ र ५ तथा "चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्नेसम्बन्धी कार्यविधि, २०७६" को अधीन रही यस अस्पतालमा कोभिड-१९ को बिरामीहरूको उपचारका लागि मात्र तपसिल अनुसारका कर्मचारी बढीमा ३ महीनाका लागि करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले ३ (तीन) दिनभित्र यस अस्पताल प्रशासन शाखामा रु २० को टिकट टाँस गरी निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं. | पद | तह | न्यूनतम शैक्षिक योग्यता | माग पद सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | आठौं | MBBS वा सो सरह उत्तीर्ण गरी NMC मा दर्ता भएको | ५ २० | |
| २ | स्टाफ नर्स | पाँचौ | PCL Nursing वा सो सरह उत्तीर्ण गरि NNC मा दर्ता भएको | ९ | |
| ३ | अक्सिजन सिलिन्डर पोर्टर | श्रेणी विहिन | सधारण लेखपढ गर्न सक्ने | | |

योग्यता:

१. नेपाली नागरिक हुनुपर्नेछ र कोभिड-१९ उपचार तथा PCR ल्याबमा काम गरेको अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ।
२. **न्युनतम योग्यता** : उपरोक्त अनुसारको पदहरूमा उम्मेदवार हुन नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविद्यालयबाट सम्बन्धित विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली (संशोधन सहित), २०५५ को अनुसूची ६ बमोजिम सम्बन्धित समूह तथा उपसमूहमा रहने पदहरूको लागि तोकिएको योग्यता पूरा गरेको हुनुपर्नेछ (विदेशी शिक्षण संस्थाको हकमा समकक्षता प्रमाणपत्र आवश्यक पर्ने)।
३. **उमेरको हद** : लोक सेवा आयोगको नियमानुसार।
४. अनिवार्यरूपमा सम्बन्धित परिषद्मा दर्ता तथा नवीकरण भएको हुनुपर्नेछ तथा प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्नेछ।
५. **निवेदन दिने विधि** : योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले यस अस्पतालको प्रशासन शाखामा आवश्यक कागजात सहित निवेदन पेश गर्नुपर्नेछ।
६. **निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू** : एस.एल.सी. देखि न्यूनतम शैक्षिक योग्यतासम्मको सबै प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि साथ पेश गर्नुपर्नेछ। उम्मेदवारले सबै कागजात आफैंले प्रमाणित गरेको हुनुपर्नेछ
७. **सेवा सुविधा** : नेपाल सरकारको नियमानुसार।
८. उम्मेदारले निवेदन साथ अनिवार्यरूपमा चिकित्सकबाट प्रमाणित गरिएको निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

# सुक्दै इनार : चुरे बस्तीका बासिन्दा चिन्तित

जीतलाल श्रेष्ठ, निजगढ, २ जेठ/

विगत पाँच/सात वर्ष यताबाट चुरे फेद आसपासका बस्तीमा रहेका इनार



निजगढ नपा-१२ स्थित भूमिगत पानीको स्रोत इनार। तस्वीरः जीतलाल श्रेष्ठ

सुक्दै गइरहेका छन्। निजगढ नपा-१२ रामथली, बुङ्जोरलगायत स्थानमा भूमिगत पिउने पानीको स्रोत इनार सुक्दै गएपछि स्थानीयहरू चिन्तित भएका छन्।

स्थानीय मञ्जुश्री आधारभूत विद्यालय नजीकको इनार सुकेको सात वर्ष भयो। इनार सुकेपछि विद्यालयलगायत आसपासका बस्तीमा पिउने पानीको समस्या हुँदै आइरहेको स्थानीय समाजसेवी सोनामसिंह गोलेले बताए। बस्तीदेखि माथिको चुरे पहाडबाट पाइपमा ल्याएको पानी बस्तीका लागि पर्याप्त नहुने उनले बताए। वर्षामा पहिरोले पाइप क्षति पुऱ्याउँदा पानीको हाहाकार मच्चिने गरेको अर्का स्थानीय समाजसेवी नरेन्द्रमान लुङ्वा बताउँछन्। यस अघि इनार मरम्मत गर्दा पानीको स्रोतले दुई/चार वर्ष थेगे पनि पछि पानीको सतह घटेको उनले बताए।

पहिले २०/२५ फिटमा पानी आउने इनार सफा गर्दागर्दै ४०/५० फिट गहिरो भइसक्दा पनि पानीको स्रोत नभेट्दा अहिले सो इनार मरम्मत गर्न छाडिएको उनले बताए। चुरे फेद मानवबस्ती नजीकैको पूर्वी धापमा रहेको एउटा सानो इनारले गाईवस्तुलगायत अन्य प्रयोजनका लागि जेनतेन पानीको जोहो हुँदै आइरहेको बुद्धज्योति सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष ज्ञानबहादुर दोङ बताउँछन्। उनले पानीको स्रोत संरक्षणमा बेलैमा ध्यान पुऱ्याउन जरुरी भएको बताए।

चुरे फेद र आसपासका क्षेत्र भावर क्षेत्र हो। जहाँ पानीको सतह लुक्छ। केही दूरी पर पुगेपछि पानीको सतह माथि उठ्छ। तर विगतभन्दा पानीको सतह दब्दै जानुले सङ्केत राम्रो नदेखिएको यहाँका बुढापाकाहरू बताउँछन्।

राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिले यस क्षेत्रमा पोखरी, तालतलैया निर्माणका लागि काम गर्दा केही हदसम्म पानीको स्रोत संरक्षण हुने तर ती स्थानमा अहिलेसम्म ध्यान नगएको स्थानीयको गुनासो छ। स्थानीय तह, वन कार्यालयलगायत सम्बन्धित निकायहरूले यस क्षेत्रमा पनि पोखरी निर्माणका लागि बजेट विनियोजन गरी काम गर्न पहल गर्नुपर्ने यहाँका मानिसको माग छ।

# उपभोक्ता समितिलाई मास्क वितरण

प्रस, ठोरी, २ जेठ/

पर्सा राष्ट्रिय निकुञ्जको सहयोगमा सुनाखरी मध्यवर्ती उपभोक्ता समिति अन्तर्गत रहेका समूहलाई आइतवारदेखि मास्क बाँड्न शुरू भएको छ।



कार्यक्रममा शान्ति पुरुष उपभोक्ता समिति, पञ्चकन्या महिला उपभोक्ता समिति र सुनगाभा उपभोक्ता समितिका सदस्यहरूलाई आज मास्क वितरण गरिएको र अन्य समूहका सदस्यहरूलाई क्रमशः वितरण गरिने सुनाखरी मध्यवर्ती उपभोक्ता समितिका सचिव जीवन श्रेष्ठले बताए।

कार्यक्रममा आरआरटी संयोजक निरोज प्रधान, युवाहरू सुजन बल, अजित रूम्बा, नकुल गौतमलगायतले मास्क वितरण गरेको सचिव श्रेष्ठले जानकारी गराएका छन्।

सामाजिक दूरी कायम गर्दै मास्क वितरणका लागि आफूहरू लागि परेको समितिका अध्यक्ष देवीप्रसाद दाहालले बताए।

# १८ हजार सिलिन्डर आइपुगे नेपाल

काठमाडौं, २ जेठ/रासस

सरकारले चीनबाट १८ हजार खाली अक्सिजनका सिलिन्डर नेपाल पुऱ्याएको छ। स्थलमार्ग हुँदै आज १८ हजार सिलिन्डर नेपाल आइपुगेको हो। उपप्रधानमन्त्री तथा कोभिड-१९ सङ्क्रमण व्यवस्था केन्द्रका संयोजक ईश्वर पोखरेलका प्रेस सल्लाहकार गणेश पाण्डेले १८ हजार सिलिन्डर तातोपानी नाकामा आइपुगेको जानकारी दिए। उनका अनुसार तातोपानी नाकामा सिलिन्डर चीन सरकारले हस्तान्तरण गरेपछि काठमाडौं ल्याइने छ।

सिलिन्डरको अभाव हुन थालेपछि सरकारले चीन सरकारबाट अनुदानमा २० हजार खाली सिलिन्डर ल्याएको हो। यस अघि ४०० सिलिन्डर नेपाल वायुसेवा निगमको वाइड बडी विमानबाट ल्याइएको थियो। अठार हजार आइसकेपछि बाँकी एक हजार ६०० सिलिन्डर पनि जहाजबाट ल्याउने तयारी भइरहेको छ। यस्तै आजै चीनबाट ५५० अक्सिजन सिलिन्डर नेपाल वायुसेवा निगमको वाइड बडी विमानले ल्याउँदैछ। शनिवार सिलिन्डर ल्याउन जहाज चीन गएको थियो। शनिवार मात्र ओमानबाट गैआवासीय नेपाली सङ्घको सहयोगमा ५६० खाली सिलिन्डर आएको थियो।

# दलितहरूलाई खाद्यान्न सहयोग

प्रस, वीरगंज, २ जेठ/

स्माइल फोर मिलियन्स अर्गनाइजेशनको पहल र पिस फर दलित



फाउन्डेशन नेपालको आयोजनामा पर्साका दलितहरूलाई राहतस्वरूप खाद्यान्न सहयोग गरिएको छ।

कोभिड-१९ विरुद्ध, रोकथाम, प्रतिकार्यको लागि पर्सा जिल्लामा वैशाख १६ गतेदेखि निषेधाज्ञा लागेको र यो अवधिमा धेरै दलित, मजदूर, ज्येष्ठ नागरिक, श्रमिकहरू प्रभावित भएको कुरालाई मध्यनजर गर्दै ती समुदायलाई लक्षित गरेर राहत वितरण गरिएको पिस फर दलित फाउन्डेशन नेपालका अध्यक्ष मनोज रामले बताए।

पर्सा जिल्ला वीरगंज महानगरपालिका-१९ केहुनियाका अति प्रभावित दलित, मजदूर, विपन्न परिवारलाई राहत वितरण गरिएको अध्यक्ष रामले बताए।

त्यहाँका ३० घर परिवारलाई मास्क, चामल, दाल, तेल, आलु, नुन, साबुन, सर्फ सहयोग गरिएको उनले बताए। सो कार्यमा फाउन्डेशनका उपाध्यक्ष चन्द्रकिशोर राम, सचिव दीपेन्द्रकुमार राम, सदस्य संयोग राम र अशोक रामलगायतले सहयोग पुऱ्याएका थिए।

# अस्पताललाई स्वास्थ्य सामग्री हस्तान्तरण

प्रस, वीरगंज,२ जेठ/

रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिसले नारायणी अस्पताललाई स्वास्थ्य सुरक्षा सामग्री हस्तान्तरण गरेको छ।

कोभिड उपचार र अन्य बिरामी उपचारमा जनताको सेवा गरिरहेका स्वास्थ्यकर्मीहरूलाई सहयोग होस् भन्ने उद्देश्यले रोटरी क्लबले सर्जिकल मास्क-५ सय पिस, सेनिटाइजर १५ लिटर, फेसशिल्ड ३ सय पिस र सर्जिकल ग्लब्स-३ सय पिस अस्पताल प्रशासनलाई बुझाएको क्लबका सर्भिस प्रोजेक्ट डाइरेक्टर अनिल जयसवालले बताए।




स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रममा अस्पतालका डा. नीरजकुमार सिंह, रोटरीका अध्यक्ष विनित लोहिया, सचिव चन्दन सिंहलगायतको सहभागिता थियो।

# प्रहरीलाई स्वास्थ्य सामाग्री सहयोग

प्रस, वीरगंज, २ जेठ/

नेपाल औषधि तथा बिक्रेता प्रतिनिधि सङ्घ, वीरगंजले पर्सा प्रहरीलाई स्वास्थ्य सामग्री सहयोग गरेको छ।

वडा प्रहरी बिर्तालाई सङ्घले स्वास्थ्य सामग्री सहयोग गरेको हो। सङ्घका अध्यक्ष मनोज साहले ६ हजार सर्जिकल मास्क, ५० पिस एन-९० मास्क, सय पिस हेड क्याप, स्प्रे सेनिटाइजर २० पिस र ३ पिस अक्सिमिटर र थप एक ग्यालेन लिक्विड सेनिटाइजर सहयोग गरिएको बताए। वडा प्रहरी बिर्ताका प्रहरी निरीक्षक राजेशराज पुरीलाई सङ्घका पदाधिकारीसहितको टोलीले सो स्वास्थ्य सामग्री हस्तान्तरण गरेको अध्यक्ष साहले बताए।









कोरोना सङ्क्रमित बढेसँगै एक दिन अघिदेखि एकसाताका लागि निजगढमा लकडाउन घोषणा गरेसँगै सुनसान निजगढ राजमार्गका बस्ती। तस्वीर : जीतलाल श्रेष्ठ